# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
## चौथो वार्षिक साधारण सभाको निर्णय विवरण

१. **वैधानिक सभाको काम कारबाही:**

यस कम्पनीको सञ्चालक समितिको ६६औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ एवम् कम्पनीको प्रबन्ध पत्र तथा नियमावली बमोजिम बोलाईएको वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूको अध्यक्षतामा देहायको मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गरी सम्पन्न भयो । सभा सम्बन्धी विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

२. **सभा भएको मिति, स्थान र समय:**

मिति : २०७८/१२/११ गते तदनुसार २५ मार्च २०२२, शुक्रवार
स्थान : अलोफ्ट काठमाण्डु ठमेल, छायादेवी कम्प्लेक्स, ठमेल, काठमाण्डौं ।
समय : दिउसो ३:०० बजे

३. उपस्थिति:

क. सञ्चालकहरुको उपस्थिति :

१. श्री प्रदीपजङ्ग पाण्डे – अध्यक्ष
२. श्री सुमित कुमार अग्रवाल – सञ्चालक
३. श्री मनोज कार्की – सञ्चालक
४. श्री महेश स्वांर – सञ्चालक
५. श्री इन्द्र प्रसाद कर्माचार्य – स्वतन्त्र सञ्चालक

ख. पदाधिकारीहरु:

१. श्री पोषक राज पौडेल – प्रमुख कार्यकारी अधिकृत
२. श्री दशरथ मणी खड्का – प्रमुख सञ्चालन अधिकृत
३. श्री दिप बहादुर वि.सी. – कम्पनी सचिव एवम् नायव महाप्रबन्धक
४. श्री भुषण रिमाल – प्रमुख बजार व्यवस्थापन अधिकृत

ग. प्रतिनिधिहरु :

१. श्री अमरेन्द्र शरण – लेखापरीक्षक श्री देवकी विजय एण्ड कं.
२. श्री राम कृष्ण निराला – कानुनी सल्लाहकार

घ. उपस्थित शेयरधनीहरु:

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | १९५ | ७० | ३५।९० |
| शेयर संख्या | १,७५,००,००० | १,१३,८५,००० | ६५।०६ |

कम्पनीको छाप: सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि., काठमाडौं

४. सूचना प्रकाशन :

कम्पनीको चौथो वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल गरिने विषयहरु (प्रस्तावहरु) समेत खुलाई मिति २०७८/११/१९ मा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र मिति २०७८/११/२९ मा सोही पत्रिकामा दोश्रो पटक कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १८(३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि सूचना प्रकाशित गरिएको थियो । यसका साथै सो सम्बन्धी सूचना तथा चौथो वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै कम्पनीको वेवसाईटमा समेत उपलब्ध गराईएको थियो ।

५. छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव:

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने बारे ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७७/०७८ को लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

४. सञ्चालक समितिको बैठक भत्ता तथा सुविधा बारे ।

५. सर्वसाधारण शेयर सार्वजनिक निष्कासन गर्ने बारे ।

(ख) विशेष प्रस्ताव:

१. कम्पनीको नियमावलीको नियम २७, २९ र ३१ मा आवश्यक संशोधन गर्ने र सो संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समावेश गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने बारे ।

२. कम्पनीले आर्थिक वर्ष २०७६/०७७ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा प्रभावितहरुको उपचारका लागि नेपाल सरकारबाट स्थापित Corona Relief and Prevention Fund मा कम्पनीका तर्फबाट गरिएको योगदान/आर्थिक सहायता वापतको रकम रु. ७,५०,०००/( (अक्षेरुपी सात लाख पचास हजार मात्र) कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) बमोजिम अनुमोदन गर्ने बारे ।

(ग) विविध ।

६. सभाको गणपूरक संख्या:

| विवरण | कुल सख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | १९५ | ७० | ३५।९० |
| शेयर संख्या | १,७५,००,००० | १,१३,८५,००० | ६५।०६ |

काठमाडौं

७. सभाको वैधानिकता र अध्यक्षता:

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री दिप बहादुर वि.सी. ले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको र यो सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम आवश्यक गणपूरक संख्या पुरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै सञ्चालक समितिका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूलाई सभाको अध्यक्षता ग्रहणको लागि अनुरोध गर्दै तत्पश्चात अध्यक्षज्यूबाट सभा सञ्चालनको लागि अनुमति प्रदान गर्नुभयो ।

८. सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति:

कम्पनीको चौथो वार्षिक साधारण सभा सञ्चालन गर्ने क्रममा सभाका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूले विषय सूची अनुसार सञ्चालक समितिको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण एवम् सो संग सम्बन्धित अनुसूचीहरु संक्षिप्त रुपमा साधारण सभामा प्रस्तुत गर्दै विश्वव्यापी रुपमा भईरहेको आर्थिक मन्दी र देशभित्रको राजनैतिक अवस्था, आर्थिक उतारचढावका वावजुद कम्पनीले अवलम्बन गरिआएको व्यवसायिक रणनीति, संस्थागत सुशासन, पारदर्शिता तथा कम्पनीले प्रदान गरिरहेको उच्चस्तरको ग्राहकमुखी प्राविधिक सेवाले कारोबार शुभारम्भ गरेको तीन वर्षभन्दा कम अवधिमा नै कम्पनीले हासिल गरेको उपलब्धी उत्साहजनक रहेको व्यहोरा जानकारी गराउनु भयो । कारोना महामारीका कारण उत्पन्न बन्दाबन्दी (Lockdown) का बावजुद समीक्षा अवधिमा खुद बीमा शुल्क आम्दानीमा ६९%, जगेडा तथा कोषमा ७७%, खुद नाफामा १३% एवम् जीवन बीमाकोषमा १६१% को वृद्धि हासिल गर्नुका साथै २५,४१५ बीमालेख जारी गरी कूल बीमालेख संख्या १२४,६२८ पुऱ्याउन सफल भएको अवगत गराउनु भयो र यसका साथै आर्थिक वर्ष २०७७/०७८ मा ७९,६९० थप बीमालेख जारी गर्दै अघिल्लो वर्षको तुलनामा कुल बीमाशुल्क आम्दानीमा ८०%, जगेडा तथा कोषमा ६२%, खुद नाफामा ४२%, एवम् जीवन बीमाकोषमा ८०% को वृद्धि हासिल भई कम्पनीको व्यवसायिक स्थिती एवम् वित्तीय अवस्था उत्साहजनक रहेको सभामा जानकारी गराउनु भयो ।

यसका साथै कम्पनीमा अवलम्बन गरिएको कुशल व्यवसायिक नीति, संस्थागत सुशासनको सफल कार्यन्वयन तथा कम्पनीमा कार्यरत दक्ष व्यवस्थापन समूहको कुशल कार्यदक्षता एवम् जीवन बीमाको व्यवसायिक मूल्य एवम् मान्यता अन्तर्गत रही यस कम्पनी सर्वसाधारण सेवाग्राही बीच आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएको तथा जीवन बीमाको क्षेत्रमा आफ्नो विशेष पहिचान कायम राखी मुलुकको आर्थिक उन्नतिमा कम्पनीको तर्फबाट योगदान दिदै भविष्यमा समेत जीवन बीमाका क्षेत्रमा थप नवीनतम योजनाहरु प्रचलनमा ल्याई जीवन बीमाको पहुंच नेपाल राज्यभर पुऱ्याउन कम्पनीको सञ्चालक समिति जिम्मेवार भई पहल गर्ने व्यहोरा सभामा जानकारी गराउनु भयो । कार्यसूची बमोजिमका प्रस्तावहरु उपर छलफल गरी सम्पूर्ण शेयरधनी महानुभावहरुबाट स्वीकृत हुने आशा व्यक्त गर्दै कम्पनीले हासिल गरेको उपलब्धी तथा भावी रणनीतिका सम्बन्धमा प्रकाश पार्न कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई निर्देशन प्रदान गर्नुभयो ।

साधारण सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृतबाट कम्पनीको संक्षिप्त व्यवसायिक समीक्षा गर्दै कम्पनीले संकलन गरेको बीमा शुल्क, लगानीबाट प्राप्त आय, कम्पनीको खर्चको विवरणहरु प्रस्तुत गर्नु भयो । साथै कम्पनीले हालसम्म हासिल गरेको उपलब्धी, कम्पनीले प्रस्तुत गरेका विभिन्न जीवन बीमा योजनाहरु, जीवन बीमा व्यवसायका अवसर तथा चुनौतीहरु, एवम् कम्पनीको भावी रणनीति आदि समेतको बारेमा सभालाई जानकारी गराउनु भयो ।

काठमाडौं

९. छलफलको लागि आहवान:

साधारण सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवबाट आर्थिक वर्ष २०७६/०७७ को सञ्चालक समितिको चौथो वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण तथा विविध पक्षहरु उपर आ-आफ्नो प्रश्न, जिज्ञाशा, प्रतिक्रिया, मन्तव्य एवम् सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आहवान गर्नुभएकोमा शेयरधनी श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूबाट कम्पनीको सञ्चालक समिति तथा व्यवस्थापन समूहको व्यवसायिक दक्षता एवं कुशल नेतृत्वले कम्पनीको समग्र स्थितिलाई मजबुत बनाई प्रतिस्पर्धात्मक बजारमा अग्रणी स्थानमा पुऱ्याउन सफल भएकोमा वधाई दिदै आगामी दिनहरुमा अझै प्रगति हुदै जाने विश्वास व्यक्त गर्नु भयो । अर्का शेयरधनी श्री अम्बिका प्रसाद पौडेलज्यूले कम्पनीको साधारण शेयरको प्राथमिक निष्कासन गर्न ढिलाई भएको र यसलाई यथाशक्य चांडो प्रक्रियामा पुऱ्याउन सुझव दिदै आगामी दिनको सफलताको कामना गर्नु भयो । साथै अर्का शेयरधनी श्री खेम प्रसाद बरालज्यूले नियमनकारी निकायबाट पूंजी वृद्धिको विषय बाहिर आएकोले सो विषयमा प्रष्ट पारिदिन अनुरोध गर्नुभयो ।

१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका जिज्ञासा, राय तथा सुझावहरु उपर सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष एवम् सभाध्यक्षज्यूले दिनु भएको प्रतिक्रिया तथा नीतिगत जवाफ :

सभाध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट साधारण सभामा व्यक्त विचारहरु, सुझाव तथा सल्लाहलाई मनन गरी उहांहरुले राख्नु भएको जिज्ञासाहरुलाई स्पष्ट पार्दै शेयरधनीहरुको सहयोग एवम् आत्मविश्वास तथा सहयोगी भावनाले कम्पनीले प्रगति हासिल गर्न सकेको विश्वास व्यक्त गर्दै यसै साधारण सभामा प्रस्तुत साधारण शेयरको प्राथमिक निष्कासन सम्बन्धी प्रस्तावको निर्णय बमोजिम चाडै नै प्रक्रिया शुरु गरी सर्वसाधारणहरुको तर्फबाट कम्पनीको शेयरमा प्रतिनिधित्व गराई पूर्णता दिईने जानकारी गराउनु भयो । त्यसैगरी नियमनकारी निकायबाट पूंजी वृद्धि सम्बन्धमा जारी भएको सूचनाका सम्बन्धमा सबै पक्षसंग छलफल गरी नियमनकारी निकायले तोके बमोजिमको पूंजीवृद्धि कार्य गर्न कम्पनी तत्पर रहने जानकारी गराउनु हुदै सभाको कार्यक्रम अघि बढाउन अनुरोध गर्नुभयो ।

११. निर्णयहरु:

साधारण सभामा पेश भएका प्रस्तावहरु उपर विस्तृत रुपमा छलफल भई देहाय बमोजिम पारित गरियो ।

(क) सामान्य प्रस्तावहरु:

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा: सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको मन्तव्य सहितको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन सर्वसम्मतिद्वारा पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण स्वीकृत गर्ने सम्बन्धमा: लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण सर्वसम्मतिद्वारा स्वीकृत गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा: कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण गर्न मूल्य अभिवृद्धि कर बाहेक रु. ३,००,०००/- (अक्षरुपी तीन लाख रुपैयां मात्र) पारिश्रमिक भुक्तानी गर्ने गरी श्री जोशी एण्ड

काठमाडौं

भण्डारी, चार्टर्ड एकाउन्टेन्ट्सलाई कम्पनीको लेखापरीक्षकमा नियुक्ती गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो । साथै कर लेखापरीक्षण तथा अन्य शुल्क सम्बन्धमा आपसी समझदारीमा निर्धारण गर्न स्वीकृति प्रदान गरियो ।

४. सञ्चालक समितिको बैठक भत्ता तथा सुविधा परिमार्जन गर्ने सम्बन्धमा: सञ्चालक समितिका सदस्यहरुलाई प्रदान गरिदै आएको बैठक भत्ता तथा सुविधा सम्बन्धमा प्रति बैठक निम्नानुसार हुने गरी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| क. | सञ्चालक समिति: | |
| १ | सञ्चालक समितिका अध्यक्ष | रु. २०,०००।०० |
| २ | सञ्चालक समितिका सदस्य | रु. १५,०००।०० |
| ख. | अन्य समिति/उपसमिति: | |
| १ | समिति/ उपसमितिका संयोजक | रु. १०,०००।०० |
| २ | समिति/ उपसमितिका सदस्य | रु. ७,५००।०० |

५. सर्वसाधारण शेयर सार्वजनिक निष्कासन गर्ने सम्बन्धमा: कम्पनीको कुल जारी पूंजीको तीस प्रतिशत अर्थात पचहत्तर करोड रुपैयां बराबरको सर्वसाधारण शेयर नियमनकारी निकायको स्वीकृति लिई प्रिमियम मूल्यमा सार्वजनिक निष्कासन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

यसका साथै उक्त साधारण शेयर सार्वजनिक निष्कासन गर्ने सम्बन्धमा विद्यमान कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन, नियमावली, निर्देशिकाको अधिनमा रही कम्पनीको हाल सम्मको नेटवर्थ तथा व्यवसायिक योजना अनुरुपको प्रक्षेपित नेटवर्थ एवं शेयर सार्वजनिक निष्कासन गर्न लाग्ने समयावधि समेतलाई अध्ययन गरी कम्पनीको शेयर प्रिमियम मूल्यमा सार्वजनिक निष्कासन गर्न नियमनकारी निकायहरुसँग आवश्यक समन्वय तथा स्वीकृति लिने लगायतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय समेत सर्वसम्मतिले पारित गरियो ।

(ख) विशेष प्रस्तावहरु:

१. कम्पनीको नियमावलीको नियम २७, २९, र ३१ मा आवश्यक संशोधन गर्ने र सो संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समावेश गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा: बीमा समितिबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को दफा ३ बमोजिम कम्पनीको सञ्चालक समितिको संरचनामा परिवर्तन गर्न आवश्यक भएकृले कम्पनीको नियमावलीको नियम २७, २९, र ३१ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो । यसका साथै सो संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समावेश गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय समेत सर्वसम्मतिले पारित गरियो ।

| साविकमा भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| नियम २७: सञ्चालक समितिको गठन, संख्या र कार्यकाल: | नियम २७: सञ्चालक समितिको गठन, संख्या र कार्यकाल: |

काठमाडौं

| | |
|---|---|
| (२): यस कम्पनीमा नौ जनाको सञ्चालक समिति हुनेछ जसमा दुई जना स्वतन्त्र र व्यवसायिक सञ्चालक रहनेछन् । | (२): यस कम्पनीमा सात जनाको सञ्चालक समिति हुनेछ जसमा एक जना स्वतन्त्र र व्यवसायिक सञ्चालक रहनेछन् । |
| नियम २९: शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउने:<br><br>(१): ऐन बमोजिमको शैक्षिक योग्यता तथा अनुभव प्राप्त विशेषज्ञ मध्ये दुई जनालाई नियम २७(२) बमोजिम स्वतन्त्र र व्यवसायिक सञ्चालकको रुपमा नियुक्ति गर्न सक्नेछ । | नियम २९ : शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउने:<br><br>(१): ऐन बमोजिमको शैक्षिक योग्यता तथा अनुभव प्राप्त विशेषज्ञ मध्ये एक जनालाई नियम २७(२) बमोजिम स्वतन्त्र र व्यवसायिक सञ्चालकको रुपमा नियुक्ति गर्न सक्नेछ । |
| नियम ३१ सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने :<br><br>(१): कम्पनीमा संस्थापक शेयरधनी समूहबाट पांच जना र सर्वसाधारण शेयरधनी समूहबाट दुई जना सञ्चालकको नियुक्ति गरिनेछ । एक समूहको व्यक्ति अर्को समूहबाट सञ्चालक नियुक्त हुन सक्ने छैन । | नियम ३१: सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने :<br><br>(१): कम्पनीमा संस्थापक शेयरधनी समूहबाट चार जना र सर्वसाधारण शेयरधनी समूहबाट दुई जना सञ्चालकको नियुक्ति गरिनेछ । एक समूहको व्यक्ति अर्को समूहबाट सञ्चालक नियुक्त हुन सक्ने छैन । |

२. कम्पनीले आर्थिक वर्ष २०७६/०७७ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा प्रभावितहरुको उपचारका लागि नेपाल सरकारबाट स्थापित Corona Relief and Prevention Fund मा कम्पनीका तर्फबाट गरिएको योगदान/आर्थिक सहायता वापतको रकम रु. ७,५०,०००/- (अक्षेरुपी सात लाख पचास हजार मात्र) कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) बमोजिम अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

१२. **धन्यवाद ज्ञापन :**
सभाध्यक्षज्यूबाट शेयरधनी महानुभावहरु चौथो वार्षिक साधारण सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी साधारण सभा सम्पन्न गर्न सहयोग पुर्‍याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु एवम् उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस वार्षिक साधारण सभामा छलफल गरी पारित गर्नुपर्ने अन्य कुनै विषय बांकी नभएकोले सभाध्यक्षज्यूले अपरान्ह ४:३० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

दिप बहादुर वि.सी.
कम्पनी सचिव

काठमाडौं

प्रदीपजङ्ग पाण्डे
अध्यक्ष